## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/१२/१७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी सुधिर कुमार चतुर्वेदी मु.नं (०८१-CR-०००६) फैसला मिति २०८२/१०/११ | झुठ्ठा विवरण (नक्कली शैक्षिक प्रमाण पत्र) पेश गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• प्रस्तुत मुद्दामा प्रतिवादी सुधिर कुमार चतुर्वेदीले नेपाल विद्युत प्राधिकरण, बुटवल वितरण केन्द्र रुपन्देहीमा मिति २०६६/०७/०९ देखि लागू हुने गरी क्लर्क (लेखा), तह-३ मा स्थायी पदमा नियुक्ति लिई कार्य गरी सहायक लेखापाल, तह-४ मा बढुवा भएका प्रतिवादी सुधिर कुमार चतुर्वेदीले विहार संस्कृत शिक्षा बोर्डबाट प्राप्त क्रमांक १८/३०४ उल्लेख भएको मध्यमा(हाईस्कूल) तहको द्धितीय श्रेणीमा उत्तिर्ण गरेको लब्धाङ्क पत्र, अस्थायी प्रमाणपत्र, श्री जगनाथ शाह संस्कृत प्रा.सह माध्यमिक विद्यालय, कौडिहार चौक महाविर नगर, रक्सौल पूर्वी चम्पारण (विहार) बाट जारी आचरण प्रमाण-पत्र र रोल कोड १८ को विद्यालय परित्यागसमेतको माथि तालिका नं. १ बमोजिमको झुठ्ठा तथा नक्कली शैक्षिक योग्यताका प्रमाण-पत्रहरु पेश गरी हालसम्म कार्यरत रही ओहोदा, लाभ र सुविधा प्राप्त गरेको पुष्टि भएको देखिएकोबाट निज प्रतिवादी सुधिर कुमार चतुर्वेदीको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसूर भएको हुँदा निज प्रतिवादी सुधिर कुमार चतुर्वेदीलाई सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन अभियोग मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ। | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रस्तुत मुद्दा प्रतिवादी उपरको उजुरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा दर्ता भएको मिति २०७१/१२/२९ बाट अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ को उपदफा (२) बमोजिम पाँच वर्षभित्रै आरोपपत्र दर्ता गर्नुपर्नेमा सो हदम्याद नघाई दर्ता भएको प्रस्तुत आरोपपत्र हदम्यादको अभावमा खारेज हुने देखिएको। | • प्रस्तुत मुद्दामा हदम्याद भित्र मुद्दा दायर हुन नआएको भनि मुद्दाको तथ्य भित्र नै प्रवेश नगरी खारेज भएको तर्फ हेर्दा मूलत कुनै अपराध वा कसूर वा कसूरदार बारे प्रारम्भिक सूचना मात्र सो व्यक्ति विरुद्ध अनुसन्धान वा अभियोजनको आधार बन्न सक्दैन साथै प्रारम्भिक सूचना वा जानकारीको मूल्याङ्कन गर्दै त्यसको आधारमा प्रारम्भिक छानबीन गर्दा विधिवत र विस्तृत अनुसन्धान गर्नुपर्ने आवश्यक देखिएमा मात्र अनुसन्धान गर्ने निकायले अनुसन्धान कार्य प्रारम्भ गर्दछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेश हुन आएका उजुरीको संवेदनशिलता र सो अन्तर्गत रहेको विषयहरुको गाम्भिर्यताको आधारमा आयोगले विधिवत अनुसन्धानको लागी कानून बमोजिम अनुसन्धान अधिकृत नियुक्त गर्ने लगायतको अन्य अनुसन्धान कार्य प्रारम्भ गरेको हुन्छ । प्रस्तुत मुद्दामा मिति २०८१।०१।१२ मा विस्तृत अनुसन्धान अधिकृत तोकी यस मुद्दाको अनुसन्धान प्रारम्भ भै निज उपर मिति२०८१।०४।२४ मा विशेष अदालतमा अभियोग दायर भएकोले उक्त हदम्यादभित्र अर्थात् अनुसन्धान अधिकृत नियुक्ति भै अनुसन्धान कारवाही शुरु भएको मितिले ५ वर्ष भित्रै मुद्दा दायर भएको देखिन आएको अवस्थामा ऐनले निर्दिष्ट गरेको हदम्याद नाघी प्रस्तुत मुद्दा दर्ता हुन आएको भनी गलत व्याख्या गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेकोले उक्त फैसला बदर गरीपाउँ ।<br>• भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ को उपदफा (१) मा भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा आयोगले यस ऐन बमोजिम अनुसन्धान र तहकिकात गर्न वा अन्य कारवाही चलाउन सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ ।साथै यस ऐनको दफा (२) मा दफा २९ मा लेखिएदेखि बाहेक भ्रष्टाचारको सम्बन्धमा सो कार्य भएको पाँच वर्ष भित्र आयोगले कारवाही नचलाएमा सो अवधिपछि त्यस सम्बन्धमा यस अन्तर्गत कुनै कारबाही चलाईने छैन भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ ।उजुरी परेको मितिले ५ वर्षको हदम्याद भित्र अभियोगपत्र दायर नभएको भन्ने प्रश्न उठाइएकोमा अनुसन्धानको कारवाही शुरु भएको मितिले ५ वर्षको हदम्याद हुनेछ भन्ने उक्त कानूनी व्यवस्था स्वयंमा प्रष्ट र बोधगम्य हुँदा त्यसको बलपूर्वक व्याख्या गरी अन्यथा अर्थ गर्नु आवश्यक देखिँदैन । अनुसन्धान शुरु भएको मितिले पाँच वर्ष भित्र मुद्दा दायर गर्नुपर्ने भन्ने नै ऐनको दफा १३(२) को वाक्यांशको सीधा, सरल र स्वाभाविक अर्थ भएकोले अनुसन्धानको कारवाही प्रारम्भ भएको मिति भन्नाले अनुसन्धान अधिकृत तोकी मुद्दाको अनुसन्धान प्रारम्भ भएको भन्ने मिति हो भन्नेमा स्पष्ट रहे भएको देखिरहेको अवस्थामा उक्त दफाको गलत व्याख्या गरी हदम्यादको आधारमा मुद्दा खारेज हुने ठहर गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेको छ ।<br>• कुनै वारदात वा घटना बारे थाहा पाउनु र कुनै अपराधको सम्बन्धमा अनुसन्धान प्रारम्भ हुनु दुई अलग-अलग विषय हुन् । यस अनुसार अभियोगपत्र दायर गर्ने हदम्याद प्रारम्भ हुनका लागि कुनै घटना वा वारदातको जानकारी सरकार वा सरकारी निकायलाई हुनु नहुनु सान्दर्भिक रहेन । मुख्य कुरा अनुसन्धान प्रारम्भ कुन मितिमा भएको हो सोही कुराको निक्यौल गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दाका सन्दर्भमा पेश भएका प्रमाण कागजातबाट मिति २०८१।०१।१२ मा अनुसन्धान अधिकृत तोकिई रीतपूर्वक अनुसन्धान कार्य प्रारम्भ भएको देखिँदा अनुसन्धान अधिकृत नियुक्त भएको सोही मितिलाई नै अनुसन्धान शुरु भएको मान्नु नै सहज, स्वभाविक र कानूनसम्मत हुने भन्ने प्रष्ट देखिरहेको अवस्थामा प्रस्तुत मुद्दा हदम्याद पाँच वर्ष भित्रै दायर भएको भन्ने स्पष्ट देखिरहेकोमा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेको छ । वदर गरीपाउँ ।<br>• प्रतिवादीले कसूरजन्य कार्य गरेको तथ्य पुष्टी भई, सम्पूर्ण विषयमा छानविन अनुसन्धान गर्न अनुसन्धान |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | अधिकृत तोकिएको मिति लाई नै भ्रष्टाचारजन्य कसूर भएको एकिन मिति कायम हुने भन्ने नै देखिन्छ ।यसै सन्दर्भमा भ्रष्टाचारसम्बन्धी मुद्दा त्यसमा पनि नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित मुद्दामा वारदात मितिको निर्धारण गर्नु अत्यन्त महत्त्वपूर्ण पक्ष हो। यसमा अभियुक्तले पहिलो पटक त्यस्तो नक्कली प्रमाणपत्र पेश गरेको मितिलाई मात्र वारदात्त मिति मानेर सो मितिले सीमित हदम्यादको व्यवस्था लागू गर्न नमिल्ने, नक्कली प्रमाणपत्र पेश गरी त्यसबाट फाइदा वा सुविधा लिने व्यक्तिले सो फाइदा वा सुविधा लिइरहेसम्म र त्यस्तो फाइदा वा सुविधा नलिए पनि पेश गरेको सो नक्कली प्रमाणपत्रको अस्तित्व रहेसम्म नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित कसूर वारदातको निरन्तरता रही रहन्छ। त्यसकारण पनि यस्तोमा सीमित हदम्यादको कानूनी व्यवस्था प्रभावकारी हुन नसक्ने हुँदा वर्तमान भ्रष्टाचार निवारण कानूनमा हदम्यादको सीमित व्यवस्था नगरी खुल्ला हदम्याद राखिएको छ भनी सर्वोच्च अदालतबाट (प्रमिला राई श्रेष्ठ बिरुद्ध नेपाल सरकार ने.का.प.२०६८ अंक १० नि.नं. ८६९७) सिद्धान्त प्रतिपादन भईरहेको अवस्थामा उक्त सम्मानित सर्वोच्च अदालतको नजिर सिद्धान्तलाई वेवास्ता गरी कानूनको गलत व्याख्या गरी ऐनले निर्दिष्ट गरेको हदम्याद नाघी प्रस्तुत मुद्दा दर्ता हुन आएको भनी गलत व्याख्या गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेकोले उक्त फैसला बदर गरीपाउँ ।<br>• अतः उल्लिखित आधार, कारणबाट विशेष अदालत काठमाडौबाट ऐनले निर्दिष्ट गरेको हदम्याद नाघी प्रस्तुत मुद्दा दर्ता हुन आएको भनी गलत व्याख्या गरी भएको फैसला त्रुटिपूर्ण देखिंदा उक्त फैसला बदर गरी पाउन अदालत समक्ष सादर अनुरोध गरिन्छ। |